# महिला विरूद्ध हुने हिंसा
# र
# यस सम्बन्धमा कानूनी उपचारको व्यवस्था

LACC

कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

मानभवन, ललितपुर

**प्रकाशक अंक :** २२

**प्रकाशक :** कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)
मानभवन (ए.भि.एम. चोक), ललितपुर
पो.व.नं. ३२१६ काठमाण्डौ, नेपाल

**लेखनकार्य :** अ. शशी अधिकारी
अ. साधना श्रेष्ठ

**सहयोगी :** icj International Commission of Jurists; International Alert.; USAID; The Asia Foundation

**संस्करण :** पुनः प्रकाशित

**प्रकाशन मिति :** माघ २०७०

**प्रकाशन प्रति :** १०००

**डिजाइन :** होम डेष्कटप, पाटन ढोका, ललितपुर
फोन : ९८५११३४९७७

# यस पुस्तकका सम्बन्धमा

महिला पुरुष समाजका समान सदस्य भएता पनि विद्यमान रुढीवादी प्रचलन तथा कानूनी असमानताले गर्दा महिलाहरु पछाडी परीरहेको छन् । साथै हरेक अधिकारबाट वन्चीत हुनु परीरहेको छ ।

राष्ट्रको विकासमा महिला तथा पुरुषको समान सहभागीता हुन अति आवश्यक छ तर सामाजीक विभेद रितीरिवाजले असमानता विद्यमान नै छ । यही असमानताले महिलाहरु पछाडी परेका छन् । महिलाहरुलाई पुरुष सरह समान अधिकारबाट बन्चित गरीदा महिलाको स्वाथ्य, शिक्षा, रोजगारी, सामाजिक मर्यादा, पारीवारीक जिवन लगायत हरेक क्षेत्रमा नकरात्मक असर परीरहेको छ ।

नेपाली महिलाहरुको शिक्षामा पहुँच नपुगेको कारणले विद्यमान नेपाली कानूनमा रहेका महिलाको हक अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रणका सम्बन्धमा के कस्ता कानूनी व्यवस्थाहरु रहेका छन भन्ने कुरा स्वयं महिलालाई जानकारी छैन । जस्ले गर्दा महिलाहरु प्रत्येक दिन त्यस्ता हिंसाबाट पिडीत भईरहेका छन् ।

समाजमा विद्यमान लैङ्गिक विभेद मानव अधिकारको दृस्टीकोणबाट न्यायोचित नभएकोले संविधानमा लैङ्गिक हिंसा न्यूनिकरण गर्नका लागि सम्बोधन गरीएको छ । महिला अधिकार आधारभूत मानव अधिकार हो तर लैङ्गिक विभेदकारी समाजिक, सांस्कृतिक व्यवहारहरुले गर्दा महिलाहरुले हिंसा, अत्याचार, दमन, कुटपिट बाट प्रताडित भई महिलाको आधारभूत मानव अधिकार उल्लघन भएको यथार्थता सर्वविधित नै छ ।

जवसम्म महिलाहरु आफ्नो कानूनी अधिकारलाई जान्ने मौका पाउदैनन् तवसम्म महिलाहरु सशक्त हुन सक्दैनन् भन्ने कुरालाई मध्यनजर गरी महिलाको कानूनी अधिकारको बारेमा जानकारी गराउन अति आवश्यक छ । यसकारण यस संस्थाले "महिला विरुद्ध हुने हिंसा र यस सम्बन्धमा कानूनी उपचारको व्यवस्था" नामक यस पुस्तकमा प्रचलित नेपालको कानूनमा महिलाको कानूनी हक अधिकार, महिला विरुद्ध हुने हिंसा नियन्त्रणको लागि कानूनी व्यवस्था, लैङ्गिक समानता तथा महिला अधिकारका लागी अर्न्तराष्ट्रिय प्रयासका बारेमा जानकारी गराउन प्रयास गरेका छौं ।

यस पुस्तक प्रकाशनको मुख्य उद्देश्य महिला विरुद्ध हुने हिंसाले गर्दा महिलाहरुले भोग्नु परेको पिडा कम गर्न, न्यायमा पहुँचका लागि आफ्नो हक अधिकारको बारेमा सचेत भई सशक्त हुनेछन् भन्ने विश्वास लिएको छौं ।

यस पुस्तक प्रकाशनका लागी आर्थिक सहयोग पुऱ्याउने ICJ र International Alert तथा पुनःप्रकाशितमा सहयोग पुऱ्याउने USAID र The Asia Foundation प्रति आभार प्रकट गर्दछौ । अन्तमा यस पुस्तकमा भएका कमीकमजोरीलाई औल्याइ आगामी संस्करणमा सच्याउने अवसर पाउने आशा राखेका छौं ।

कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

# विषय सूची

पृष्ठ

१. लैङ्गिक हिंसासम्बन्धी अवधारणा ........ ५
२. लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी संवैधानिक व्यवस्थाहरु ........ ६
३. महिलामाथि हुनेघरेलु हिंसा ........ ७
४. बालविवाह ........ १३
५. बहुविवाह ........ १४
६. ढाँटी विवाह तथा जबरजस्ती विवाह ........ १५
७. खान लाउन नदिने वा घरबाट निकाल्ने ........ १६
८. लोग्ने तथा सासु ससुराबाट हुने हिंसा ........ १७
९. दाइजो/तिलक सम्बन्धी हिंसा ........ १८
१०. बोक्सीको आरोप ........ १९
११. कुटपिट ........ २०
१२. गाली बेइज्जती ........ २२
१३. सार्वजनिक अपराध ........ २३
१४. आगो लगाउने वा तेजाबले पोलेमा ........ २४
१५. जबर्जस्ती करणी (बलात्कार) ........ २५
१६. यौनजन्य दुर्व्यवहार ........ २८
१७. मानव बेचबिखन तथा ओसारपसार ........ २९
१८. गर्भपतन ........ ३१
१९. कार्यविधिगत केही महत्वपूर्ण व्यवस्था ........ ३२
२०. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि ........ ३३

# लैङ्गिक हिंसासम्बन्धी अवधारणा

पितृसत्तात्मक मूल्य र मान्यतामा आधारित असन्तुलित सामाजिक संरचनाको कारणले पुरुषको प्रधानता र महिलाको सहायक भूमिका भएको विद्यमान नेपाली समाजमा महिला विरुद्धको हिंसा पुरुषले महिला माथि आफ्नो श्रेष्ठता सिद्ध गर्ने माध्यमको रुपमा प्रयोग गरिरहेका छन् । वास्तवमा लिङ्गमा आधारित महिला विरुद्धको हिंसा लैङ्गिक भेदभावकै एक रुप हो, जसले महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुर्‍याउँछ । यहि सामाजिक संरचनाको उपजका कारण महिला माथि लैङ्गिक हिंसा बढी हुने गर्दछ । लिङ्गमा आधारित हिंसाले त्यस्ता सम्पूर्ण कार्यहरुलाई बुझाउँछ जुन कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य मान्यताका आधारमा गरिएको हुन्छ । यस्तो हिंसाभित्र शारीरिक, मानसिक, यौनरुपले पीडा दिने वा पीडा पुर्‍याउने खालको व्यवहारहरु हुन्छ । त्यस्ता कार्य गर्ने भनी डर, त्रास दिने, धम्काउने, व्यवहारहरुको साथै आधारभूत स्वतन्त्रताको खण्डित गर्ने सम्मको कार्यहरु समेटेको हुन्छ ।

लैङ्गिक हिंसा प्रत्येक महिलाको जीवनसंग हरेक तहमा देखा पर्दछ । यस प्रकारको हिंसा समाजको बनावट, संस्कृति र सामाजिक विकासको पृष्ठभूमिले फरक-फरक मात्रा वा स्वरुपमा देखा पर्न सक्दछ । लैङ्गिक हिंसाका स्वरुपहरु फरक फरक भएता पनि यसले व्यक्तिको समानता र विकासलाई असर पुर्‍याउँदछ ।

संयुक्त राष्ट्र संघीय साधारण सभाले २० डिसेम्बर १९९३ मा पारित गरेको महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणा पत्र अनुसार महिला विरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुराउँछ वा पुर्‍याउने संभावना हुन्छ, जस अन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउछ ।

| | |
|---|---|
| **गर्भावस्था :** | लिङ्ग पहिचान गरी केटी शिशुको गर्भपतन गर्ने, गर्भवती समयमा कुटपिट, बलपूर्ण गर्भधारण गराउने, |
| **शिशु अवस्था :** | केटी शिशु हत्या, संवेदनात्मक तथा शारीरिक हिंसा, खाना तथा स्वास्थ्य सुविधाको पहुँचमा विभेद, |
| **बाल्यावस्था :** | हाडनाता करणी तथा यौन दुर्व्यवहार, खाना, स्वास्थ्य तथा शिक्षामा भेदभाव, बाल वेश्यावृत्ति, |
| **किशोर अवस्था :** | बलपूर्ण श्रम, कार्यस्थलमा यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती वा बिना मन्जुरी विवाह, मानव बेचबिखन तथा ओसारपसार, |
| **प्रजनन अवस्था :** | केटासाथीबाट दुर्व्यवहार, वैवाहिक बलात्कार, दाइजोजन्य हिंसा र हत्या, मानसिक यातना, घरेलु हिंसा, अत्याधिक कार्यबोझ, |
| **वृद्ध अवस्था :** | एकल महिलालाई सांस्कृतिक, सामाजिक, धार्मिक रुपबाट गरिने दुर्व्यवहार, जेष्ठ नागरिकलाई दुर्व्यवहार, बोक्सीको अरोप |

# लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी संवैधानिक व्यवस्थाहरू

## संविधान

संविधान देशको मूल कानून हो । यसले नागरिकका विविध अधिकारहरु सुनिश्चित गर्नुका साथै राज्य प्रणालीको सञ्चालनसम्बन्धी व्यवस्था गरेको हुन्छ । समाजमा विद्यमान लैङ्गिक विभेद मानव अधिकारको दृष्टीकोणबाट न्यायोचित नभएकोले संबिधानमा लैङ्गिक हिंसालाई सम्बोधन गरिएको छ । यसका अलावा संविधानले गलत मानवीय क्रियाकलापहरुलाई सजायको भागिदार बनाउने वैधानिक आधार प्रदान गर्दछ र अधिकारको उल्लंघन भएको अवस्थामा संवैधानिक उपचारको व्यवस्था समेत गरेको हुन्छ ।

नेपालको अन्तरिम संविधानमा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने सम्बन्धमा विभिन्न व्यवस्था रहेका छन् । साथै संविधानमा नै महिला विरुद्धका सबै प्रकारका हिंसालाई कानूनद्वारा दण्डनीय हुने स्पष्ट व्यवस्था गरेको छ । त्यसैगरी हिंसाविरुद्धको हकलाई मौलिक हकको रुपमा मान्यता दिएको छ ।

- ❖ कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।
- ❖ प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।

## उपचारको व्यवस्था

- ❖ संविधानद्वारा प्रदान गरिएको मौलिक हकविरुद्ध बनेका वा मौलिक हकलाई संकुचित पार्ने गरी बनेका कानूनहरुको न्यायिक पुनरावलोकनका लागि सर्वोच्च अदालतमा निवेदन दिन सकिन्छ ।
- ❖ व्यक्तिको अधिकारहरुको उल्लंघन भएको अवस्थामा उपचारको लागि सर्वोच्च अदालतमा रिट निवेदन दिन सकिन्छ ।

## हदम्याद

रिट निवेदन दिनको लागि सामान्यतया: हदम्यादको व्यवस्था गरिएको हुँदैन तर मर्का पर्ने व्यक्तिले समयमा नै उपचारको खोजी गर्नु पर्दछ भन्ने मान्यता रहेको हुन्छ ।

**न्यायिक उपचारको कार्यविधि**

| अधिकारको उल्लंघन | सम्पर्क | उजुरी निवेदन | हदम्याद |
|---|---|---|---|
| अन्यायमा परेको/पीडित व्यक्ति/हक प्रवलनको लागि । | ☛ कानुन व्यवसायी<br>☛ नि:शुल्क कानुन व्यवसायी<br>☛ वार एसोसियसन<br>☛ वैतनिक वकिल | सर्वोच्च अदालत (मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको) | मर्का पर्ने व्यक्तिले यथाशक्य छिटो निवेदन दिनु पर्ने । |

# महिलामाथि हुने घरेलु हिंसा

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरुपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरु घरेलु हिंसा हुन् ।

लिङ्गको आधारमा महिला भएकै कारणले महिलामाथि हुने कुनै पनि हिंसाजन्य कार्य वा व्यवहार नै महिलामाथि हुने हिंसा हो । .

यस्तो हिंसा श्रीमान्-श्रीमती, सासु-बुहारी, आमा-बाबु, दाजु-भाइ, दिदी-बहिनी, नन्द-आमाजु काका-भतिजा, भतिजी जोसुकैको बीचमा हुनसक्दछ ।

घरेलु हिंसाले महिलालाई अल्पकालिन अथवा दीर्घकालिन दुवै प्रकारका असरबाट प्रभावित पार्दछन् । घरेलु हिंसाबाट पीडित महिला विभिन्न प्रकारका शारीरिक, मानसिक, आर्थिक, यौनजन्य हिंसा तथा प्रजनन जस्ता समस्याहरुबाट पीडित हुने गर्दछन् ।

### घरेलु हिंसा सम्बन्धी कानुनी व्यवस्थाहरू :

नेपालको कानूनले घरेलु हिंसालाई दण्डनीय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड सजायको व्यवस्था गरेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ साल बैशाख १४ गतेबाट पारित भई लागू भइसकेको छ, भने घरेलु हिंसा (कसूर र सजाय) नियमावली २०६७ समेत लागू भइसकेको छ ।

यस ऐनले कस्तो कस्तो कार्यलाई घरेलु हिंसा मान्ने भनेर स्पष्ट रुपमा परिभाषा गरेको छ । जस अनुसार घरेलु हिंसा भन्नाले : कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आथिर्क यातना दिनुका साथै र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै पनि कार्यहरु समेत हुन् ।

यस ऐन अनुसार घरेलु सम्बन्धभित्र निम्न सम्बन्धहरु पर्दछन् ।

- वंशज,
- विवाह पछि भएको सम्बन्ध,
- धर्म सन्तान (धर्मपुत्र, धर्मपुत्री)
- संयुक्त परिवारमा बस्ने सदस्यहरु,
- घरमा कामदारका रुपमा एकै परिवारमा बस्ने जोकोहि व्यक्तिहरु बीचमा भएको वा हुनसक्ने सम्बन्धहरु हुन् ।



यस ऐनले निम्न ४ प्रकारको हिंसालाई घरेलु हिंसा हो भनी त्यस्तो कार्य गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

**१) शारीरिक हिंसा :**

अगंभगं बाहेक, कुटपीट गर्ने, शारीरिक चोटपटक पुऱ्याउने, थुनामा राख्ने वा शारीरिक चोट पुग्न सक्छ भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने, गराउने कार्यलाई शारीरिक हिसांको रुपमा बर्गीकरण गरेको छ ।

**२) मानसिक हिंसा :**

डर, धाक वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने झुट्ठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने कुनै पनि काम मानसिक हिंसा हुन् ।

**३) यौनजन्य हिंसा :**

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरु यौनजन्य हिंसा हुन् ।

**४) आर्थिक हिंसा :**

सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा सहमती नलिनु, आय आजर्न गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँच नहुनु जस्ता कार्यहरु महिलााथि हुने आर्थिक हिंसा हुन् ।

**घरेलु हिंसाबाट पीडितले यी ४ निकायहरूमा उजुरी दिन सक्नेछ :**


१) प्रहरी कार्यालय


२) स्थानीय निकाय (गा.वि.स./न.पा./वडा कार्यालय)

३) राष्ट्रिय महिला आयोग

४) अदालत

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकैले उजुरी दिन सक्नेछ ।






पीडितले अदालत बाहेक अन्य निकायमा लिखित वा मौखिक उजुरी गर्न सक्नेछ र कुन निकायमा उजुरी गर्ने भन्ने निर्णय हिसांबाट पीडित व्यक्ति आफैले गर्न सक्नेछ ।

### हदम्याद

हिंसा भएको मितिले नब्बे दिन भित्र उजुरी दिनु पर्छ ।

### सजाय

१) घरेलु हिंसा गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कुसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

३) घरेलु हिंसाको कसुरमा पहिले सजाय पाइसकेको व्यक्तिले पुनः सोहि कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

४) सार्वजनिक जवाफदेहिको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसुर गरेमा निजलाई यस ऐनमा व्यवस्था गरिएको दण्ड सजायमा थप दश प्रतिशत सजाय हुनेछ ।

५) कसैले अदालतबाट जारी अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

### क्षतिपूर्ति

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति मात्रा पीडितलाई पुगेको पीडा र पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई बिचार गरी अदालतले पीडकबाट क्षतिपूर्ति दिलाई दिन सक्ने छ ।

## राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीसम्बन्धी कारवाही

राष्ट्रिय महिला आयोगमा परेको घरेलु हिंसासम्बन्धी उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगसम्बन्धी कानूनहरु विशेष गरी राष्ट्रिय महिला आयोग ऐन, २०६३ र राष्ट्रिय महिला आयोग नियमावली, २०६५ अनुसार कारवाही हुन्छ ।

- उजुरी गर्ने : राष्ट्रिय महिला आयोग पीडित आफैं वा उसको तर्फबाट कसैले आयोगसमक्ष तोकिएको ढाँचामा निवेदन दिन सक्दछ । यस बाहेक पनि पीडितले हुलाक, आकाशवाणी, टेलिफ्याक्स, विद्युतीय मेल वा टेलिफोनबाट मौखिक जानकारी दिई उजुरी गर्न सक्दछ ।
- जाँचुबुझ गर्ने : दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगले कुनै पनि हिंसा वा सामाजिक कुरितीबाट कुनै महिला पीडित भएको अवस्थामा आवश्यक जाँचबुझ गर्न सक्दछ ।
- मेलमिलाप गर्न सक्ने : त्यस्तो जाँचबुझबाट कसैले त्यस्तो कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमिलाप गराउने वा पीडित महिलालाई उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुर्नस्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्दछ ।
- सिफारिस वा अनुगमन गर्ने : आयोगले आवश्यक अन्य उपयुक्त कारवाही गर्न सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्ने र सो अनुरुप भए वा नभएको अनुगमन गर्न सक्दछ ।

## प्रहरी कार्यालय वा स्थानीय निकायमा दर्ता भएको उजुरीसम्बन्धी कारवाही

- प्रहरी कायांलयमा भएको उजुरीसम्बन्धी कारवाही : प्रहरी कार्यालयमा दर्ता भएको उजुरीको सम्बन्धमा बाटोको हदम्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाउने र अटेर गरेमा पक्राउ गरी बयान गराउनु पर्दछ ।
- स्थानीय निकायमा भएको उजुरीसम्बन्धी कारवाही : स्थानीय निकायमा उजुरी दर्ता भएकोमा बाटामा म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउने र पीडक अटेर गरी उपस्थित हुन नआएमा प्रहरीको सहयोगमा पक्राउ गरी बयान गराउनु पर्दछ ।
- मुद्दा टुङ्ग्याउने समय : पीडकलाई उपस्थित हुन दिएको म्याद समाप्त भएको, झिकाएको वा पक्राउ गरी ल्याएको मितिले ३० दिनभित्र मुद्दाको टुङ्गो लगाइ सक्नु पर्दछ ।

## उजुरीपछि चाल्नु पर्ने कदमहरु

- घा: जाँचसम्बन्धी व्यवस्था : घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारको लागि अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाइ घा: जाँच र उपचार गराउनु पर्दछ । स्थानीय निकायले गराएको घा: जाँचको प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

- तत्काल सुरक्षा व्यवस्था मिलाउनु पर्ने : उजुरीको प्रारम्भिक छानवीन गर्दा पीडित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षा व्यवस्था मिलाउनु पर्दछ ।

## मेलमिलापसम्बन्धी व्यवस्था

घरेलु हिंसाको मुद्दामा निम्नानुसार मेलमिलाप गराउन सक्ने व्यवस्था छ :

- पीडकको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराउनु पर्दछ ।
- मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिने सक्नेछ ।
- मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र पीडितको गोपनियताको अधिकार समेतलाई ध्यान पुऱ्याएको हुनुपर्दछ ।

राष्ट्रिय महिला आयोग विचाराधीन रहेको घरेलु हिंसासम्बन्धी उजुरीको सम्बन्धमा सम्बन्धित पक्षहरुले मेलमिलाप गरी पाउन संयुक्त निवेदन आयोग समक्ष दिएमा वा पक्षहरुबीच मेलमिलाप गराउँदा राहत तथा अन्य दृष्टिबाट पीडितलाई फाइदा हुन लागेमा आयोग आफैंले समेत सम्बद्ध पक्षहरुबीच मेलमिलाप गराउन सक्दछ ।

## अदालतमा भएको उजुरीसम्बन्धी कारवाही

पीडिक उपस्थित नभएमा वा उपस्थिति गराउन नसकेको वा पक्षहरुबीच मेलमिलाप हुन नसकेको अवस्थामा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा म्याद समाप्त भएको मिति १५ दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष प्रस्तुत गर्नुपर्दछ र सोही उजुरीका आधारमा अदालतले आवश्यक कारवाही किनार गर्दछ ।

घरेलु हिंसाको पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्नेछ ।

घरेलु हिंसासम्बन्धी कारवाही चलाउँदा संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गत चल्दछ । जसअन्तर्गत ९० दिनभित्रमा यस्तो मुद्दाको कारवाही किनारा गरिसक्नुपर्दछ ।

पीडितले अनुरोध गरेमा घरेलु हिंसासम्बन्धी उजुरीको कारवाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्दछ । बन्द इजलासमा कारवाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, उनीहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिहरु मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

## अन्तरिम संरक्षणको आदेशको व्यवस्था

उजुरीको प्रारम्भिक छानवीन गर्दा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि अन्तरिम संरक्षणको आदेश दिन सक्दछ । उक्त आदेशमा -

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

- पीडक र पीडित एकै ठाउँमा बसोबास गर्न अनुपयुक्त हुने देखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न,
- पीडित छुट्टै बसेको ठाउँमा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको सञ्चार माध्यमद्वारा वा कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,
- निज पीडितको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त व्यवस्था गर्न अदालतले अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।
- नाबालक सन्तान वा उनीसँग आश्रित व्यक्तिलाई संरक्षण दिन आवश्यक देखिएमा अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।

## पीडितलाई आवश्यक सहयोग प्रणाली

- औषधि उपचारको व्यवस्था : घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भई अस्पतालमा लगी उपचार गर्नुपर्ने भएमा त्यस्तो उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नुपर्दछ । तर पीडिकको आर्थिक अवस्था कमजोर भई त्यस्तो उपचारमा लागेको खर्च पीडकबाट उपलब्ध हुन नसक्ने कुरा अदालतलाई लागेमा सेवा केन्द्रबाट त्यस्तो पीडितको उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्दछ ।

- क्षतिपूर्ति : पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रवृत्ति, मात्रा, पीडकलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत अनुसार अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ दिन सक्दछ ।

- सेवा केन्द्रको व्यवस्था : पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलगै बस्ने व्यवस्थाका लागि सरकारले तथा स्वीकृति लिई अन्य कुनै संस्थाले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन् । यस्तो सेवाकेन्द्रले आवश्यकताअनुसार कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउनु पर्दछ ।

- सेवा कोषको व्यवस्था : नेपाल सरकारले पीडितलाई कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता प्रदान गर्न एक सेवा कोषको व्यवस्था गर्न सक्दछ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी गर्ने व्यक्ति | सूचना सम्पर्क | कानुनी सहायताका केन्द्रहरू | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| घरेलु हिंसा | पीडित वा घरेलु हिंसा थाहा पाउने जो कोही | वडा निकाय<br>महिला निगरानी समूह<br>जानेबुझेको व्यक्ति | निःशुल्क कानुनी सहायता प्रदान गर्ने सबै संस्था<br>वैतनिक वकिल (जिल्ला अदालत)<br>कानुन व्यवसायीको व फर्म<br>जिल्ला स्तरको कानुनी सहायता समिति | स्थानीय निकाय<br>गाउँ विकास समिति<br>नगरपालिका<br>नजिकको प्रहरी चौकी<br>राष्ट्रिय महिला आयोग<br>जिल्ला अदालत | घटना भएको मितिले ९० दिनभित्र | कैद सजाय<br>जरिवाना<br>क्षतिपूर्ति |

# बालविवाह

विवाह गर्दा कानूनले तोकेको उमेर अर्थात १८ वर्षभन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानूनले अपराध मानेकोछ । कानूनले केटा र केटीको संरक्षकको मन्जुरी भए अठार बर्ष मन्जुरी नभए बिस बर्ष पूरा हुनुपर्छ । कानूनले तोकेको उमेर नपुगेसम्म विवाह गर्न गराउन हुँदैन । विवाह गरे गराएमा सो गर्ने गराउने मुख्यलाई सजायको व्यवस्था गरेको छ । अठार बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेनछ भने अठार बर्ष पुगेपछि मन्जुरी नगरे उक्त विवाह बदर गर्न पाउछ ।



### उजुरी गर्ने निकाय

बालविवाहको उजुरी प्रहरी कार्यालयमा दिनु पर्छ ।

### हदम्याद

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ ।

### सजाय

- ❖ १० वर्ष नपुगेको बालबालिकालाई विवाह गरे गराएकोमा उमेर पुगेका सबै व्यक्तिलाई ६ महिना देखि ३ वर्ष सम्म कैद र एक हजार देखि दश हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- ❖ १० वर्षभन्दा माथि तर १४ वर्ष नपुगेको केटाकेटीको विवाह गरे गराएको रहेछ भने ३ महिना देखि १ वर्षसम्म कैद र पाँच हजार रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था गरेको छ ।
- ❖ १४ वर्ष माथि १८ वर्ष मुनिकी बालिकालाई विवाह गराएमा ६ महिनासम्म कैद वा दश हजार रुपैया सम्म जरिवाना वा दुवै हुनसक्छ ।
- ❖ २० बर्ष उमेर नपुगेको केटा र केटाबिच विवाह गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- ❖ ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनि ढाटी विवाह गरे गरीदिएको नजानि विवाह गर्ने गराउनेलाई चाही सजाय हुँदैन ।
- ❖ विवाह गर्न गराउन नहुनेमा जानी-जानी विवाहको काम गर्ने पुरोहित, लमि र अरु मद्दतीहरुमध्ये उमेर पुगेकालाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना ।
- ❖ विवाह भइनसकेको तर रीत दस्तुर बुझाई विवाहको कुरा छिनी सकेको रहेछ भने कुरा छिन्ने मुख्यलाई रु पाँच सयसम्म जरिवाना गरी छिनी सकेको विवाह बदर गरिदिनु पर्दछ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| बाल विवाह | पीडित वा थाहा पाउने व्यक्तिले | ☞ पास छिमेक<br>☞ महिला निगरानी समूह<br>☞ जाने बुझेको व्यक्ति | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ल फर्म | ☞ प्रहरी कार्यालय | थाहा पाएको मितिले ३ महिनाभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ विवाह बदर |

# बहुविवाह

विवाहित लोग्ने मानिसले घरमा श्रीमती हुँदाहुँदै अर्को श्रीमती ल्याएमा वा राखेमा बहुविवाह हुन्छ । बहुविवाह महिलाहरुमाथि गरिने हिंसा हो । यसरी लोग्ने मानिसले बहुविवाह गरेपछि महिलामाथि विभिन्न प्रकारका शारीरिक तथा मानसिक यातना हुनुका साथै बालबालिकाहरु समेत पीडित हुने गर्दछन् ।

**लोग्नेमानिसले कानुनी रूपले बहुविवाह गर्न सक्ने अबस्था**

(क) श्रीमतीलाई निको नहुने गरी यौन सम्बन्धी कुनै सरुवा रोग लागेमा,

(ख) श्रीमती निको नहुने गरी बौलाएमा,

(ग) श्रीमती दुवै आँखा नदेख्ने गरी अन्धी भएमा,

(घ) श्रीमती हिंड्डुल गर्न नसक्ने गरी कुँजी भएमा,

(ङ) श्रीमतीले श्रीमान्बाट अंशभाग लिई भिन्न बसेमा,

(च) श्रमान्सँग श्रीमतीले सम्बन्ध विच्छेद गरेमा ।

(छ) श्रीमतीको कारण बाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा,

तर लोग्ने श्रीमान्ले अर्को श्रीमती विवाह गर्दा श्रीमती निको नहुने गरी बौलाएको र अंश लिई भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा श्रीमतीको सहमती लिनु पर्नेछ ।

### सजाय

बहुविवाह गरेमा श्रीमान् र दोस्रो (कान्छी) श्रीमतीको विरुद्धमा प्रहरीमा उजुरी दिनुपर्दछ । यसरी उजुरी दिएमा श्रीमान् र कान्छी श्रीमती (सौता) दुवैलाई सजाय हुन्छ । यस्तोमा दुवैलाई १ वर्षदेखि ३ वर्षसम्म कैद र रु ५,०००/- देखि रु २५,०००/- सम्म जरिवाना हुन्छ ।



### उजुरी

यस्तो अपराधमा पीडित श्रीमती आफैंले वा छरछिमेक आफन्त जो सुकैले पनि उजुरी दिन सक्दछन् । बहुविवाहको उजुरी आफू बसोबास गरेको ठाउँको नजिकको प्रहरी चौकीमा दिनुपर्दछ ।

### हदम्याद

बहुविवाह भएको थाहा पाएको मितिले ३ महिनाभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न जानुपर्दछ ।

दोस्रो विवाहमा कारवाही भएता पनि बदर गर्न सकिंदैन । दोस्रो श्रीमतीले (कारवाही भए पनि नभए पनि) श्रीमान्को सम्पत्तिबाट बराबर अंश पाउन सक्दछिन् ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी गर्ने [illegible] | [illegible] सम्पर्क | कानूनी सहायताका संयन्त्रहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| बहुविवाह | पीडित वा छरछिमेक आफन्त वा जोसुकैले | ☞ पारा लिगल<br>☞ महिला निगरानी समूह<br>☞ जाने बुझेको आफन्त वा छरछिमेक | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ल फर्म | ☞ प्रहरी कार्यालय | थाहा पाएको मितिले ३ महिनाभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना |

# ढाँटी विवाह तथा जबरजस्ती विवाह

विवाह गर्दा केटा र केटी बिच जे जस्तो अवस्था छ त्यसको बारेमा एक पक्षले अर्को पक्षलाई जानकारी दिएर मात्र विवाह गर्नु पर्दछ । त्यसरी जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छ भने त्यसलाई ढाँटी विवाह भनिन्छ । साथै विवाह गर्दा केटा र केटीबीच सहमति भई मन्जुरीले विवाह गरिनु पर्दछ । यदि सहमति नभई भएको विवाहलाई जबरजस्ती विवाह भनिन्छ । यस्तो विवाहलाई कुनै पक्षले मन्जुर नगरेमा विवाह बदर हुन्छ ।

## विवाह बदर हुनसक्ने अबस्था

- ❖ वक्क लाटो, वक्क, लाटी, महारोगी, लुलो-लुली, कुँजो-कुँजी, दुवै आँखाका अन्धो-अन्धी, योनीहीन भएकी, लिङ्ग नभएको नपुंसक, हात गोडा भाँची बेकम्मा भएको-भएकी, बौलाएकी वा छारे रोग भएको-भएकी स्वास्नी मानिस वा लोग्नेमानिसलाई सद्दे छ भनी ढाँटी विवाह भएकोमा स्वास्नी मानिस वा लोग्ने मानिसले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- ❖ सधवा, विधवा वा सम्बन्ध विच्छेद भइसकेकी स्वास्नी मानिसलाई कन्या हो भनी वा विवाहित, बिदूर वा सम्बन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा पारी विवाह गर्नेले मञ्जुर नगरे विवाह बदर हुन्छ ।

## उजुरी गर्ने निकाय

ढाँटी वा जबरजस्ती विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

## हदम्याद

जबरजस्ती विवाह गरेको मितिले ३ महिनाभित्र र ढाँटी विवाहमा थाहा पाएको मितिले ३ महिनाभित्र उजुर गर्नुपर्छ ।

## सजाय

- ❖ ढाँटी विवाह गर्ने, गरी दिनेलाई पाँचसय रुपैयाँसम्म जरिवाना हुन्छ ।
- ❖ बिना मन्जूरी जबरजस्ती विवाह गरिदिए बदर हुन्छ । त्यस्तो विवाह गर्ने गरिदिनेलाई दुई वर्षसम्म कैद हुनेछ ।



## क्षतिपूर्ति

- ❖ सधवा, विधवा वा विवाह भइसकेकी महिलालाई कन्या हो भनी र विवाहित, विदुर वा सम्बन्ध विच्छेद भइसकेको मानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह गर्ने, गराउने मुख्यमध्ये उमेर पुगेकोलाई दश हजार रुपैयाँसम्म जरिवाना गरी त्यसरी झुक्यानमा पर्नेलाई दिलाई दिनुपर्छ ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | तुरुन्त सम्पर्क | कानूनी सहायताका केन्द्रहरू | उजुरी/फिराद कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| ढाँटी विवाह | पीडित वा आफन्त जोसुकैले | ☞ नाता [illegible]<br>☞ महिला [illegible] समूह<br>☞ जाने बुझेको आफन्त वा छरछिमेक | ☞ निःशुल्क कानुनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानुनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको फर्म | ☞ जिल्ला अदालत | थाहा पाएको मितिले ३ महिनाभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ विवाह बदर |

# श्रीमान्ले श्रीमती माथी हिंसा गरेमा सम्बन्ध विच्छेद गर्न सकिने अवस्था

कुनै पनि व्यक्तिले विवाह गरी श्रीमती तुल्याई सकेपछि श्रीमान्ले श्रीमतीलाई आफ्नो आयस्ता अनुसार खान लाउन दिनुपर्छ, यदि त्यस्तो खान लाउन नदिएमा, दुःख दिएमा वा छोडी बसेमा महिलाले सम्बन्ध बिच्छेद गर्न सक्नेछ ।



महिलाले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्थाः

- ❖ श्रीमान्ले अर्को श्रीमती ल्याएमा, वा
- ❖ घरबाट निकालेमा, वा
- ❖ खान लाउन नदिएमा वा श्रीमतीको खोज खबर नलिई हेर विचार नराखी लागतार तीन वर्ष वा सो भन्दा बढी समयदेखि श्रीमतीलाई छोडी अलग बस्ने गरेमा, वा
- ❖ श्रीमतीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा, वा
- ❖ नपुंसक हुन गएमा वा निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा, वा,
- ❖ श्रीमान्ले परस्त्रीसँग करणी गरेको ठहरेमा,
- ❖ श्रीमान्ले श्रीमतीलाई जबरजस्ती करणी गरेको ठहरेमा,

**नाबालक सन्तानको पालन-पोषणसम्बन्धी व्यवस्था**

- ❖ नाबालक सन्तानलाई आमाले आफै पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ ।
- ❖ आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमद अनुसार नाबालकलाई खान, लाउन शिक्षा र औषधी उपचार समेतको मासिक खर्च दिनु पर्ने कानुनी व्यवस्था छ ।
- ❖ बाबुले नाबालक पालेको रहेछ र बाबुभन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिदिए बमोजिम आमाले नाबालकको खान, लाउन, शिक्षा र औषधी उपचारको खर्च व्यहोर्नु पर्ने व्यवस्था रहेको छ ।

**उजुरी गर्ने निकाय**

- ❖ दुवैको मन्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा दुवैले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा निवेदन दिनु पर्ने व्यवस्था छ ।
- ❖ महिलाले सम्बन्ध विच्छेदको उजुरी सम्बन्धित जिल्ला अदालतमा दिन सक्छिन् भने पुरुषले सम्बन्ध विच्छेदको निवेदन दिनु पर्दा स्थानीय निकायमा दिनुपर्ने व्यवस्था रहेको छ ।

**हदम्याद**

सम्बन्ध विच्छेदको उजुरी जहिलेसुकै दिन सकिन्छ । श्रीमतीले श्रीमान्संग सम्बन्ध विच्छेद गर्दा श्रीमान्को अंशबाट अंश भाग लिएर सम्बन्ध विच्छेद गर्न सकिन्छ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | [illegible] | [illegible] | कानूनी सहायताका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| जबरजस्ती विवाह | पीडित वा जोसुकैले | ☞ [illegible]<br>☞ महिला [illegible]<br>☞ जाने बुझेको आफन्त वा छरछिमेक | ☞ निशुल्क कानुनी सहायता प्रदान गर्ने गैर संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको न फर्म | ☞ जिल्ला अदालत | जवरजस्ती विवाह भएको मितिले ३ महिना भित्र | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ विवाह बदर |

# अंश र माना चामल हिंसामा परेका महिलाहरूको लागि कानूनी उपचार

### खान लाउन नदिएमा अंश पाउने

- ❖ सासु ससुरा समेतले वा श्रीमान्‌ले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा,
- ❖ बराबर कुटपीट गरी दुःख दिने गरेको वा श्रीमान्‌ले अर्को श्रीमती राखेकोमा श्रीमतीले श्रीमान्‌को अंशबाट आफ्नो अंश छुट्‌याई लिन पाउने कानुनी व्यवस्था रहेको छ ।



### श्रीमान्‌बाट मानाचामल प्राप्त गर्न सक्ने अवस्था

सम्बन्ध विच्छेद गरेको श्रीमतीले अंश नलिई श्रीमान्‌सँग बार्षिक वा मासिक खर्च भराई लिन पाउँछ । त्यस्तो खर्च श्रीमतीले अर्को विवाह नगरेसम्म मात्र पाउने व्यवस्था छ ।

### महिलाको दाइजो पेवामा अधिकार

महिलाले आफ्नो विवाहमा प्राप्त गरेको दाइजो पेवा महिलाको आफु खुस गर्न पाउने सम्पत्ती हो, यसमा महिलाको मात्र हक हुन्छ । यदि महिलाको आफ्नो विवाहको दाइजो एकाघरसँग बसेकाको मन्जूरीको लिखत अनुसार दाइजो पेवा मासेको भएमा अंशको हकदार सोह्र वर्ष नाघेका सबैका अंशियारहरुको गोश्वारा धनबाट भर्ना हुन सक्छ । रीत नपुऱ्याई मासी दिएकोमा अरु अंशियारहरुको मन्जूरी नभएमा अंशियारहरुले बेहोर्न र गोश्वारका धनबाट भर्ना हुन सक्दैन ।

### उजुरी लाग्ने निकाय

दाइजो पेवा, मासेको, मानाचामल भराउने लगायतका विवादहरुको सम्बन्धमा जिल्ला अदालतमा दिनु पर्दछ ।

### हदम्याद

- ❖ भए गरेका मितिले १ वर्षभित्र नालिस दिनु पर्दछ ।
- ❖ अंशको हकमा जहिलेसुकै उजुरी दिन सकिन्छ ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी गर्ने [illegible] | मुख्य सम्पर्क | कानूनी सहयोगका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | [illegible] |
|---|---|---|---|---|---|---|
| अंश र माना चामल परेका महिलाहरुको लागि कानूनी उपचार | पीडित | ☞ [illegible]<br>☞ महिला निगरानी समूह<br>☞ [illegible] आफन्त वा छरछिमेक | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको फर्म | ☞ जिल्ला अदालत | ☞ मानाचामलको लागि भए गरेको १ वर्षभित्र नालिस दिनुपर्छ<br>☞ अंशको हकमा जहिलेसुकै उजुरी दिन सकिन्छ । | |

# दाइजो/तिलक सम्बन्धी हिंसा

### विवाह गर्दा तिलक लिन दिन नहुने

केटा र केटी बिच विवाह गर्दा लेनदेन गरी विवाह गर्नु गराउनु हुँदैन यसरी विवाह गर्दा गरिने लेनदेनलाई दाइजो तिलक भनिन्छ । हाम्रो कानून अनुसार तिलक लिन-दिन हुँदैन । लिएमा अपराध ठहरिन्छ र लिने दिने दुबै सजायको भागिदार हुन्छ ।

### दुलही पक्षले लिन नहुने

❖ छोरीको विवाह गरी दिंदा कुनै नगदी जिन्सी लिएर विवाह गर्नु हुँदैन ।
❖ विवाहमा दुलहा पक्षले गहना, कपडा, नगद-जिन्सी वा जमिन दिनुपर्छ भनी केटी पक्षलाई कर लगाउन हुँदैन ।

**दाइजोमा नियन्त्रण**

❖ विवाहमा केटा पक्षले विवाह हुँदै वा विवाहपछि नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार दिनुपर्छ भनी कर लगाउन हुदैन वा
❖ दुवै पक्षले विवाह अगावै रकम लिन दिन भनि तय गर्न हुँदैन, वा
❖ दाइजो दिएन भनी दुलहा पक्षले विवाद गर्न, वा
❖ विवाह गर्न इन्कार गर्न, वा
❖ विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न, वा
❖ दुलहीपछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरुले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।

### उजुरी लाग्ने निकाय

सामाजिक व्यवहार (सुधार) ऐन अन्तर्गतका दाइजो/तिलकसम्बन्धी उजुरी जिल्ला अदालतमा लाग्छ ।



### हदम्याद

भए गरेको मितिले पैंतिस दिनभित्र उजुरी गर्नुपर्दछ ।

### सजाय

❖ तिलक लिए/दिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुन्छ ।
❖ केटीको विवाह गर्दा नगदी जिन्सी लिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ ।
❖ केटाले विवाह हुँदा यति रकम, गरगहना भनी माग गर्न हुँदैन । गरेमा दश हजार रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद हुन्छ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका केन्द्रहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| दाइजो तिलक सम्बन्धमा | पीडित | ☞ साथी मित्र<br>☞ महिला निगरानी समूह<br>☞ जाने बुझेको आफन्त वा छिमेकी | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ना फर्म | ☞ जिल्ला अदालत | भए गरेको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्छ | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ दुवै |

# बोक्सीको आरोप

कुनै पनि व्यक्तिले आफुलाई मन नपरेको व्यक्तिलाई रीसइबी साध्न बोक्सा र बोक्सीको आरोप लगाउन हुँदैन लगाएमा दण्डको भागिदार हुन्छ।

### बोक्सीको आरोप

- ❖ कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने, वा
- ❖ त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- ❖ सामाजिक वहिष्कार गर्ने वा अन्य कुनै अमानवीय, वा
- ❖ अपमानजनक व्यवहार गर्ने, वा
- ❖ यातना दिने काम गरेमा सजाय हुन्छ।



### उजुरी गर्ने निकाय

बोक्सीको आरोपमा सम्बन्धित प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ।

### हदम्याद

बोक्सो वा बोक्सीको आरोप लगाएको वा सो सम्बन्धी कसुरमा भए गरेको मितिले पैंतीस दिनभित्र उजुरी दिनु पर्दछ।

### सजाय

बोक्सा बोक्सीको आरोपमा तीन महिनादेखि दुईवर्षसम्म कैद वा पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका केन्द्रहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| बोक्सीको आरोप | पीडित | ☞ पास छिमेक<br>☞ महिला निगरानी समूह<br>☞ वार्ड कुनैको आफन्त वा शुभचिन्तक | ☞ निशुल्क कानुनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ल फर्म | ☞ प्रहरी कार्यालय | आरोप लगाएको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्छ | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ दुवै |

# कुटपिट

कसैलाई हातहतियार उठाई वा अरु कुनै प्रकारले चोट पारेमा अंगभंग हुनेगरी जीउमा अरु नोक्सान हुने काम गरेमा कुटपिट गरेको ठहर्छ । कुनै पनि व्यक्तिलाई कुटपीट गर्नु अपराध हो । श्रीमान्ले श्रीमतीमाथि पनि कुटपीट गर्नु हुँदैन । यसरी श्रीमान्ले श्रीमतीलाई कुटपीट गर्ने पनि महिला विरुद्धको हिंसा हो । त्यस्तो श्रीमान्को विरुद्धमा उजुरी गर्न सकिन्छ ।

**कुटपीट दुई प्रकारका हुन्छन् :**

(१) **साधारण कुटपीटः–**
सामान्य चोटपटक हुने कुटपिट ।

(२) **अंगभंग हुने गम्भीर कुटपीटः–**
(क) आखाँको हेर्ने शक्ति हीन गरी आखाँ फोरी अन्धो गरी दिएमा,
(ख) नाकको सुँघ्ने शक्ति हरण गरीदिएमा,
(ग) कानको सुन्ने शक्ति हरण गरी बहिरो गरीदिएमा,
(घ) जिब्रोको बाल्ने शक्ति हरण गरी दिएमा,
(ङ) स्वास्नीमानिसको दुध काटी बेकम्मा गरिदिएमा,
(च) नल फलको पुरुषत्वशक्ति हिन गरी नपुसंक गिरदिएमा,
(छ) मेरुदण्ड डडाल्नु, हात खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारी दिएमा ।

## उजुरी

नजिकको प्रहरी चौकीमा गई आफूलाई अङ्गभङ्ग हुने गरी कुटपीट गरेको बारेमा उजुरी गर्नुपर्छ । यसका साथ-साथै तुरुन्तै डाक्टर वा अस्पतालमा गई जचाएर घाउ जाँचको प्रमाणपत्र लिनु पर्दछ । जुन प्रमाण पछि मुद्दामा आवश्यक पर्दछ ।

श्रीमान्ले कुटपीट गरी बारम्बार दुःख दिने गरेमा निम्न कानुनी उपचारहरु गर्न सकिन्छ ।

- श्रीमान्सँग सम्बन्ध विच्छेद गर्न सकिन्छ,
- श्रीमान्का विरुद्ध अंश मुद्दा दिन सकिन्छ,
- कुटपीटमा मुद्दा चलाई सजाय जरिवाना गरी पाऊँ भनी घाउ जाँचको उपचार खर्च समेत प्राप्त गर्न सकिन्छ,
- सार्वजनिक ठाउँमा कुटपीट भएको रहेछ भने सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाई थुनामा राख्न वा जरिवाना गराउन सकिन्छ ।

## हदम्याद

(१) साधारण कुटपीट भएमा कुटपीट भएको ३५ दिनभित्र तुरुन्तै नजिकैको प्रहरी चौकी, प्रहरी महिला सेल,

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

(२) अंगभंग हुने गरी कुटपीट भएमा ३ महिनाभित्र जिल्ला अदालतमा उजुरी दिनु पर्दछ ।

**सजाय**

(१) अन्धो वा नपुंसक गरेमा गर्नेलाई दश हजार रुपैयाँ जरिवाना गरी आठ बर्ष कैद गर्नुपर्छ ।

(२) अन्धो वा नपुंसक वाहेक अरु अंगभंग गर्नेलाई पाँच हजार रुपैयाँ जरिवाना गरी आठ बर्ष कैद गर्नुपर्छ ।

(३) एउटा भन्दा बढी अंग हुनेमा सो मध्ये एउटा अंग मात्र बेकम्मा पारिदिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ । यदि काम लाग्ने भएमा दुई बर्ष मात्र सजाय गर्नुपर्छ ।

(४) जरिवानाको रुपैयाँ तिऱ्यो भने सो जम्मै रुपैयाँ र तिरेन भने कसुरदारका अंशको मात्र सम्पति जायजात लिलाम बिक्री गरी घाउ खर्च वापत घाउ खत लाग्ने मानिसलाई भराई दिनुपर्छ । उपर नभएको जरिवानाको रुपैयाँ जतिमा एक दिनको पच्चिस रुपैयाको दरले कैद गर्नुपर्छ ।



**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी गर्ने व्यक्ति | कुनमा सम्पर्क | कानूनी सहायताका केन्द्रहरु | उजुरी/फिराद कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| साधारण कुटपिट<br>अंगभंग कुटपिट | पीडित | पारा लिगल<br>महिला निगरानी समूह<br>जाने बुझेको आफन्त वा छरछिमेक | निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>जिल्ला बारको कानूनी सहायता समिति<br>वैतनिक वकिल जिल्ला अदालत<br>कानून व्यवसायीको ल फर्म | प्रहरी कार्यालय<br>जिल्ला अदालत | कुटपिट भए गरेको मितिले ३५ दिनभित्र<br>अंगभंग गरेको मितिले ३ महिनाभित्र | कैद सजाय<br>जरिवाना<br>दुवै |

# गाली बेइज्जती

कसैले कुनै अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा गाली बेइज्जती गरेको मानिन्छ ।

**उजुरी लाग्ने निकाय**

गाली बेइज्जती भएमा जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

**हदम्याद**

यो ऐन अन्तर्गत मुद्दा चलाउनु पर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले छ महिनाभित्र नालिस दिनुपर्दछ ।

**गाली बेइज्जती वा अपमान गरेमा हुने सजाय**

कसैले कुनै महिलालाई अपमान गर्ने नियतले निजले देख्ने-सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एकसय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुनेछ ।



**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | तुरुन्त सम्पर्क | कानूनी सहायताका संयन्त्रहरू | उजुरी/फिराद कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| गाली बेइज्जती | पीडित | ☞ घर परिवार<br>☞ महिला निगरानी समूह<br>☞ जाने बुझेको आफन्त वा सामाजिक | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ल फर्म | ☞ जिल्ला अदालत | गाली बेइज्जती भएको ६ महिनाभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना |

# सार्वजनिक अपराध

सार्वजनिक स्थानमा कुनै व्यक्तिले महिला माथि अश्लिल बोलिवचन, हाउभाव, इशारा प्रयोग गरिन्छ भने त्यस्तो कार्यलाई सार्वजनिक अपराध गरेको भनिन्छ ।

### सार्वजनिक अपराध गरेको मानिने अवस्था:

- ❖ सार्वजनिक स्थानमा अश्लिल बोली, वचन, इशारा प्रयोग गरी शान्ति भङ्ग गर्ने वा अश्लिल प्रदर्शन गर्ने,
- ❖ सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लिल भाषा वा अश्लिल भाव आउने शब्द वा चित्रद्वारा अश्लिल कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लिल प्रकाशनहरु सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने, सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने,
- ❖ सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,
- ❖ कसैलाई हैरानी गर्ने वा सताउने मनशायले कही बसिरहेको अवस्थामा वा बाटोघाटोमा हिँडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेकथुन (घेराउ) गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट, जिस्काउने गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने,
- ❖ कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा वेइज्जत गर्ने वा हैरानी गर्ने उद्देश्यले टेलिफोन, चिठ्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने ।

### उजुरी लाग्ने निकाय

सार्वजनिक अपराधको उजुरी सम्बन्धित प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ ।

### हदम्याद

सार्वजनिक अपराधमा भएको मितिले सात दिनभित्र उजुरी गरिसक्नु पर्दछ । तर घटना भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने कारण देखेमा मुद्दा हेर्ने अधिकारीले घटना भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरी दिन सक्नेछ ।

### सजाय



- ❖ कसूरको मात्रा अनुसार १०,००० रुपैयाँसम्म जरिवाना हुन्छ ।
- ❖ अनुसन्धानको सिलसिलामा मनासिव कारण देखिएमा पीडकलाई थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ । कैद सजाय गर्नुपर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गरी पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोके बमोजिम हुनेछ ।
- ❖ मुद्दा हेर्ने अधिकारीले पहिलो पटक कसूर गरेको रहेछ भने सजाय नगरी कसूरदारलाई अब उप्रान्त यस्तो कसूर नगर्नु भन्ने कागज गराई सम्झाई बुझाई छाड्न सक्नेछ ।

### क्षतिपूर्ति

पीडित पक्षलाई कसूरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था छ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी [illegible] | सूचना सम्पर्क | कानूनी सहायताका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| सार्वजनिक अपराध | पीडित | ☞ [illegible]<br>☞ महिला निगरानी समूह<br>☞ [illegible] | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको व फर्म | ☞ प्रहरी कार्यालय<br>☞ जिल्ला प्रशासन कार्यालय | ☞ घटना भएको ७ दिनभित्र उजुरी गर्नुपर्छ<br>☞ मुद्दा हेर्ने अधिकारीले मुद्दा दायर गर्न नसकिने अवस्था देखेमा ३५ दिनभित्र उजुरी गर्ने गरी म्याद थप्न सक्नेछ । | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ क्षतिपूर्ति |

# आगो लगाउने वा तेजाबले पोलेमा

आगो, आगो समान पोल्ने वस्तु वा तेजाब इत्यादिले महिलालाई कुनै कारण पोल्न हुँदैन । यस्तो कार्य दण्डनीय हुन्छ ।

### उजुरी गर्ने निकाय

अङ्गभङ्गसँग सम्बन्धित मुद्दाको उजुरी जिल्ला अदालतमा तथा अन्य सामान्य कुटपिटको उजुरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा दिनुपर्छ ।

### हदम्याद

अङ्गभङ्ग भएकोमा ३ महिनाभित्र र सो बाहेक अरु कुरामा भए सो भएका पैंतीस दिनभित्र नालिस दिनु पर्दछ ।

### सजाय

- ❖ आगो, आगो समान पोल्ने वस्तु वा तेजाबले गरी आङ, मुख, कानमा पोलेको भए पाँचसय रुपैयाँ जरिवाना र दुई महिना कैद,
- ❖ नाक, आँखा भए एकहजार रुपैयाँ जरिवाना र चार महिना कैद, गुद्वारमा भए दुईहजार रुपैयाँ जरिवाना र आठ महिना कैद,
- ❖ लिङ्गमा भए चार हजार रुपैयाँ जरिवाना र एक वर्ष चार महिना कैद, भगमा भए आठ हजार रुपैयाँ जरिवाना र दुई वर्ष आठ महिना कैद गर्नुपर्छ ।
- ❖ लेखिएदेखि बाहेक अरु पोल्ने वस्तुले पोलेमा, माथीको साजायको आधा सजाय गर्नुपर्छ । विषको धुँवा दिने वा बेहोस हुने कुरा सुँघाउनेलाई एक हजार रुपैयाँ जरिवाना र दुई महिना कैद गर्नुपर्छ ।



| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका संघसंस्था | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
| आगो लगाउने वा तेजाबले पोलेमा | पीडित | ☞ पारा लिगल<br>☞ महिला निगरानी समूह<br>☞ जाने चिनेको आफन्त वा छरछिमेक | ☞ निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको फर्म | ☞ प्रहरी कार्यालय<br>☞ जिल्ला अदालत | ☞ अंगभंग भएमा ३ महिनाभित्र<br>☞ साधारण भएमा ३५ दिनभित्र नालिस दिनुपर्छ | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ दुवै |

# जबर्जस्ती करणी
# (बलात्कार)

कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र बर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबर्जस्ती करणी भनिन्छ। साधारण बोलचालको भाषामा यसलाई बलात्कार पनि भनिन्छ।

क) नाबालिक बालिकालाई निजको मंजुरी लिएर यौन सम्बन्ध राखेको भएता पनि त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ।

ख) सधवा वा विधवा महिलालाई निजको मंजुरी नलिई जबर्जस्ती यौन सम्बन्ध राखेमा त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ।

ग) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

घ) योनीमा लिंग केहीमात्र प्रवेश भएको रहेछ भने पनि यसलाई जबर्जस्ती करणी गरेको मानिने छ।

ङ) डर, धाक, धम्की वा जोरजुलुम गरी अनुचित प्रभावमा पारी मंजुरी लिएर करणी गरेको रहेछ भने पनि जबर्जस्ती करणी गरेको ठहर्छ।

**सजाय**

- १० वर्षभन्दा कम उमेरका बालिकालाई जबर्जस्ती करणी गरेमा १० वर्षदेखि १५ वर्षसम्म कैद सजाय हुन्छ।
- १० वर्ष वा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा ८ वर्षदेखि १२ वर्षसम्म कैद सजाय हुन्छ।
- १४ वर्षभन्दा माथि र १६ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा ६ बर्षदेखि १० बर्षसम्म कैद सजाय हुन्छ।
- १६ बर्षभन्दा बढी र २० बर्षभन्दा कम उमेरकी महिलालाई जबर्जस्ती करणी गरेमा ५ बर्षदेखि ८ बर्षसम्म कैद सजाय हुन्छ।
- २० बर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जबर्जस्ती करणी गरेमा ५ बर्षदेखि ७ बर्षसम्म कैद सजाय हुन्छ।
- गर्भवती असक्त वा अपांङ्ग महिलालाई सामुहिक जबर्जस्ती करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायमा थप ५ वर्ष कैद सजाय हुन्छ।
- कसैले कुनै नाबालकसँग अप्राकृतिक यौन मैथुन गरेमा जवर्जस्ती करणी गरे सरह मानेर जवर्जस्ती करणीमा उमेर अनुसार हुने सजायमा थप १



वर्ष सजाय हुन्छ । यसका साथै यस्तो अपराधबाट पीडित नाबालकको उमेर र परेको मर्कालाई विचार गरी अदालतले अपराधीबाट क्षतिपूर्ति भराई दिन्छ ।

- ❖ आफूलाई एच.आई.भी. पोजेटिभको रोग भएको थाहा पाउँदा पाउँदै कसैले जर्वजस्ती करणी गरेको रहेछ भने त्यस्तो व्यक्तीलाई माथि उल्लेख भएको सजायमा थप १ बर्ष कैद सजाय हुन्छ ।
- ❖ श्रीमान्ले श्रीमतीलाई जबर्जस्ती करणी गरेमा ३ महिनादेखि ६ महिनासम्म कैद सजाय हुन्छ ।

### थप सजाय

- कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा
- चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा,
- आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा,
- होस ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा,

माथि उल्लेखित अपराध गर्नेलाई १ बर्षदेखि ३ बर्षसम्म कैद हुनेछ । त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

### मद्दत गर्नेलाई हुने सजायः

जवर्जस्ती करणी गर्ने कुरा थाहा पाई हूल गरी जाने, समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन वर्ष कैद सजाय र पीडित १६ वर्षमुनीको रहेछ भने दोब्बर सजाय हुन्छ ।

### क्षतिपूर्ती

- ❖ कसैले कुनै महिलालाई जवर्जस्ती करणी गरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिव ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भईसकेको रहेछ भने निजमा आश्रित नाबालक छोरा छोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ ।
- ❖ यस्तो मुद्दाको फैसला गर्दा जवर्जस्ती करणी ठहर गरेकोमा सोहि फैसलामा यस महल बमोजिम कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनका लागि यस अर्न्तगतको मुद्दा दायर भए लगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ ।

आफ्नो हाडनाताभित्र करणी गरेमा नाता अनुसार २० वर्षसम्म कैद र रु १०,०००/- सम्म जरिवाना हुन्छ ।

**आत्मारक्षा गर्दा जुलुमीको (कसुरदारको) मृत्यु भएमा**

कुनै पनि महिलाले आफुलाई जवर्जस्ती करणी गरेकै कारणले करणी गरेको १ घण्टाभित्रमा करणी गर्ने व्यक्तिलाई मारेमा निज महिलालाई सजाय हुँदैन । तर १ घण्टापछि मारेमा निज पीडित महिलालाई १० वर्षसम्म कैद र रु ५०००/- सम्म जरिवाना हुन्छ ।

## अदालती कार्यवाही सम्बन्धमा कानूनले विशेष व्यवस्था गरेकोछ :–

(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासको व्यवस्था :–

यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

(ख) पीडितको बयानमा विशेष व्यवस्था :–

जवर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाको रोहबरमा अन्य कर्मचारीले बयान गराउनु पर्दछ ।

## उजुरी

यदि कसैलाई जवर्जस्ती करणी (बलात्कार) गरेमा जबर्जस्ती करणी हुनासाथ वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा ३५ दिनभित्र लिखित वा मौखिक उजुरी गर्नुपर्दछ। पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका संयन्त्रहरू | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| जबर्जस्ती करणी | पीडित आफैं वा पीडितको परिवार आफन्त जोसुकैले | [illegible]<br>महिला निगरानी समूह<br>आफ्नै बुझेको आफन्त वा छिमेकी | निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>जिल्ला बारको कानूनी सहायता समिति<br>वैतनिक वकिल (जिल्ला अदालत)<br>कानून व्यवसायीको न फर्म | प्रहरी कार्यालय | घटना भएको ३५ दिनभित्र | कैद सजाय<br>जरिवाना<br>थप सजाय<br>क्षतिपूर्ति |

# यौनजन्य दुर्व्यवहार

कुनै महिलालाई उनको मंजुरीबिना निजको संवेदनशील अङ्ग छुन, जिस्काउन, वा अश्लिल शब्द, संकेत प्रयोग, करणीको आशयले समातेमा यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ। यस्तो कार्य कुनै महिलालाई गर्नु हुँदैन। यदि कसैले त्यस्तो कार्य गरेमा सजायको भागीदार हुन्छ।

**कसैले कुनै महिलाको मञ्जूरी बिनाः**

- ❖ महिलाको सम्वेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा,
- ❖ महिलाको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
- ❖ महिलालाई कुनै एकान्त ठाउँमा लगेमा,
- ❖ आफ्नो यौनसम्बन्धी अङ्ग महिलालाई छुन, समाउन लगाएमा वा अश्लिल शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा,
- ❖ यौनका आशयले जिस्काई वा हैरानी गरी अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरी करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ।

**उजुरी लाग्ने निकाय**

यौन दुर्व्यवहारको उजुरी जिल्ला अदालतमा दिनु पर्दछ।

**हदम्याद**

घटना भएका मितिले ३५ दिनभित्र नालिस दिनुपर्दछ।

**सजाय**

त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १०,००० रुपैयाँसम्म जरिवाना हुन्छ।

**क्षतिपूर्ति**

यौनजन्य दुर्व्यवहार गर्ने व्यक्तिले पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति समेत भराई दिनुपर्ने कानुनी व्यवस्था रहेको छ।



**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सूचना सम्पर्क | कानूनी सहायताका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| यौनजन्य दुर्व्यवहार | पीडित | ☞ घर परिवार<br>☞ महिला निगरानी समूह<br>☞ आफ्नो नजिकको मान्छे | ☞ निःशुल्क कानुनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानुनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको व फर्म | ☞ जिल्ला अदालत | घटना भएको मितिले ३५ दिनभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ क्षतिपूर्ति |

# मानव बेचबिखन तथा ओसारपसार

मानव बेचविखन तथा ओसार पसार भन्नाले कसैले कुनै पनि मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई प्रलोभनमा पारी झुक्याई डर त्रास वा दवावमा पारी वा वल प्रयोग गरी वा नगरी बिक्री गर्ने उद्देश्यले देश भित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा लगि बिक्री गर्ने, अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई जनाउँछ । मानव बेचबिखन तथा ओसारपसार महिला माथि हुने गम्भीर प्रकारको हिंसाको रुप हो । नेपालको कानूनले मानव बेचविखन तथा ओसार पसारलाई दण्डनीय गम्भिर अपराध मानेको छ ।



### मानव बेचबिखन भन्नाले:

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने कार्य,
- कुनै प्रकारको फाइदा लिई वा नदिई वेश्यावृतिमा लगाउने कार्य,
- प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्ने कार्य,
- वेश्यागमन गर्ने कार्य ।

### मानव ओसार पसार भन्नाले

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई बिदेशमा लैजाने कार्य,
- बेश्याबृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई-फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षणलाई प्रलोभनमा पारी डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने कार्य,
- वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मन्जुरी बिना नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा बिदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य,

### उजुरी गर्ने निकाय

मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धित अपराधको उजुरी प्रहरी कार्यालयमा दिनुपर्छ ।

### सजाय

- मानिस किन्ने वा बेच्नेलाई बीस बर्ष कैद र दुई लाख रुपैया जरिवाना
- कुनै प्रकारको फइदा लिई वा नलिई वेश्यावृतिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश बर्षदेखी पन्ध्र बर्षसम्म कैद र पचास हजार रुपैयाँ जरिवाना हुन्छ ।
- कानून बमोजिम बाहेक मानिसको कुनै अंग झिक्नेलाई दश बर्ष कैद र दुई लाख रुपैयाँदेखि पाचँ लाख सम्म जरिवाना हुन्छ ।
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाचँ हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- बिदेश लैजानेलाई दश बर्षदेखि पन्ध्र बर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना र बालबालिका

लगेको भए पन्ध्र बर्षदेखि बीस बर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाखसम्म जरिवाना हुन्छ ।

❖ नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश बर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाखसम्म जरिवाना, बालबालिका लगेको भए दश बर्षदेखि बाह्र बर्षसम्म कैद, एक लाख जरिवाना हुन्छ ।

❖ शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक बर्षदेखि दुई बर्ष कैद, बिदेश लगेको भए दुई बर्षदेखि पाचँ बर्ष कैद

❖ किन्ने वा बेच्ने व्यक्तिले कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत फाइदा लिई वा नलिइे वेश्यावृतिमा लगाए बापत छुट्टाछुट्टै सजाय हुन्छ ।

❖ नेपालभित्रका एक ठाउँबाट अर्को ठाउँमा वा बिदेश मा वेश्यावृतिमा लगाउने उद्देश्यले लगेमा छुट्टाछुट्टै सजाय हुन्छ ।

❖ सार्बजनिक पद धारण गरेका व्यक्तिले कसुर गरेमा हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुन्छ ।

❖ आफ्नो संरक्षणमा रहेको हाडनाताको व्यक्तिलाई बेचबिखन गरेमा दश प्रतिशत थप सजाय हुन्छ ।

❖ प्रत्येक पटक सोही कसुर गरेमा एक चौथाइ थप सजाय हुन्छ ।

### आत्मारक्षाको अधिकार

(क) आफुलाई किन्न, बेच्न वा बेश्यावृत्तिमा लगाउन लागेको अवस्थाबाट बच्न कुनै कार्य गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा नीजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार दिएको छ ।

### सुरक्षाको व्यबस्थाः

(ख) मानवबेचखिन तथा ओसारपसार सम्बन्धी कसुरको उजुर गर्ने ब्यक्ती वा साक्षीले बयान बकपत्र को आधारमा कुनै प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने मनासीब कारण देखाई सुरक्षाको लागि अनुरोध गरेमा सुरक्षाको व्यबस्था गरीदिनु पर्छ ।

### क्षतिपूर्ति सम्बन्धी

अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निज बाट पीडीतलाई क्षतिपूर्ति भराइलिनु पर्छ । अदालतद्वारा भराइएको क्षतिपूर्ति रकम लिन नपाउदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्तो छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने छ ।

**न्यायिक उपचारको कार्यविधि**

| मुद्दाको प्रकृति | उजुरी कसले दिने | तुरुन्त सम्पर्क | कानूनी सहायताका संस्थाहरु | उजुरी/निवेदन कहाँ दिने | हदम्याद | सजाय |
|---|---|---|---|---|---|---|
| मानव बेचबिखन | पीडित आफैं वा पीडितको परिवार आफन्त जोसुकैले | ☞ पारा लिगल<br>☞ महिला निगरानी समूह<br>☞ [illegible] आफन्त वा छरछिमेक | ☞ निशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानूनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको न [illegible] | ☞ प्रहरी कार्यालय | जहिलेसुकै | ☞ कैद सजाय<br>☞ जरिवाना<br>☞ क्षतिपूर्ति<br>☞ थप सजायको व्यवस्था |

# गर्भपतन

महिलाको गर्भमा रहेको भ्रूणलाई समय नपुग्दै गर्भबाट निकाल्ने प्रक्रिया गर्भपतन हो । साधारण बोलचालको भाषामा यसलाई गर्भ तुहाउनु पनि भनिन्छ । महिलाको सहमति बिना गरेको गर्भपतन महिला विरुद्धको हिंसा हो । केहि अवस्थामा महिलाको सहमतिमा गर्भपतनलाई कानुनी मान्यता दिएको छ ।

- ❖ गर्भवती महिलाको मंजुरी भएमा १२ हप्तासम्मको अर्थात् ३ महिनासम्मको गर्भपतन गराउन सकिन्छ ।
- ❖ जबर्जस्ती करणी (बलात्कार) वा हाडनाता करणीबाट गर्भ रहन गएको रहेछ भने १८ हप्तासम्मको अर्थात् साढे चार महिनासम्मको गर्भलाई गर्भपतन गराउन सकिन्छ ।
- ❖ गर्भवती महिलाको ज्यानमा, शारीरिक वा मानसिक अवस्थामा खतरा पुग्न सक्दछ भन्ने कुरा मान्यता प्राप्त ३ जना चिकित्सकहरुले राय दिएमा गर्भपतन गराउन सकिन्छ ।
- ❖ महिलाको गर्भमा रहेको बच्चा विकलाङ्ग जन्मन्छ भन्ने नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकले राय दिएमा पनि गर्भपतन गराउन सकिन्छ ।

**हदम्याद**


गर्भ तुहाएको ३ महिनाभित्रमा नालिस उजुर गर्नुपर्दछ, नत्र नालिस उजुर लाग्दैन ।

**उजुरी**

गर्भपतन सम्बन्धी कसुरको उजुरी नजिकको प्रहरी चौकीमा गर्नु पर्दछ । पीडित महिला वा जो सुकैले उजुर गर्न सक्दछ ।

**सजायहरू :–**

- ❖ कसैले गर्भ तुहाएमा, गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्दछ भन्ने जानीजानी कुनै काम गर्दा गर्भ तुहिन गएमा,
- ❖ १२ हप्तासम्मको गर्भ भएमा १ वर्षसम्म कैद,
- ❖ २५ हप्तासम्मको गर्भ भएमा ३ वर्षसम्म कैद,
- ❖ २५ हप्ताभन्दा बढीको गर्भ भएमा ५ बर्षसम्म कैद सजाय हुन्छ ।



**जानी जानी कसैले रीसइबीले केही गर्दा गर्भपतन भएमा हुने सजायहरू :–**

- ❖ २५ हप्तासम्मको गर्भ तुहिन गएकोमा ३ महिना कैद सजाय,
- ❖ २५ हप्ता नाघेको गर्भ तुहिएमा ६ महिना कैद सजाय ।

**नजानी गरेको रहेछ भने:–**

- ❖ २५ हप्तासम्मको गर्भ भए रु ५००/- जरिवाना,
- ❖ २५ हप्ताभन्दा बढीको गर्भ भए रु १०००/- जरिवाना हुन्छ ।

| न्यायिक उपचारको कार्यविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| मुद्दाको प्रकृति | उजुरी कसले दिने | सुरक्षा सम्पर्क | कानूनी सहायताका संस्थाहरु | उजुरी/फिराद कहाँ दिने | हदम्याद | सजाय |
| गर्भपतन | पीडित वा जोसुकैले | ☞ वडा समिति<br>☞ महिला निगरानी समूह<br>☞ जाने बुझेको आफन्त वा छिमेकी | ☞ निःशुल्क कानुनी सहायता प्रदान गर्ने संघ संस्था<br>☞ जिल्ला बारको कानुनी सहायता समिति<br>☞ वैतनिक वकिल (जिल्ला अदालत)<br>☞ कानून व्यवसायीको ला फर्म | ☞ प्रहरी कार्यालय | गर्भ तुहाएको ३ महिनाभित्र | ☞ कैद सजाय<br>☞ जरिवाना |

# कार्यविधिगत केही महत्वपूर्ण व्यवस्था

**महिला सम्बन्धित मुद्दालाई प्राथमिकता दिनुपर्ने**

विभिन्न कानूनहरुमा रहेका कार्यविधिगत व्यवस्थामा महिला सम्बन्धित मुद्दालाई प्राथमिकता दिनुपर्ने व्यबस्था गरेको छ। यी व्यवस्थाले महिलाको लैङ्गिकरुपमा फरक अवस्थालाई केही हदसम्म भए पनि सम्बोधन गर्न खोजेको देखिन्छ। मुद्दाको काम कारवाहीमा अपनाउनु पर्ने कार्यविधिगत व्यवस्था निम्न रहेका छन्:

- ❖ स्वास्नी मानिस न्वारान गराइ पाउँ भन्ने मुद्दालाई प्राथमिकतामा राखेर सुनुवाई गर्नुपर्ने
- ❖ विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा

**महिलालाई पक्राँदा महिला प्रहरी पठाउनु पर्ने**

- ❖ महिलालाई पक्रनु पर्दा महिला प्रहरी पठाउनु पर्ने छ,नभएको अवस्थामा अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्छ।
- ❖ लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। केही गरी अटेरगरी आउन मानिन भने मात्र नाडीमा समाई ल्याउनु पर्ने छ।

**अदालती काम कारवाहीमा महिला संग ठट्टा मस्करी गर्न नहुने**

- ❖ महिलालाई केही कुराको अभियोग लागी सरकारी निकायमा आउँदा बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोधपुछ गर्न हुँदैन।

**खानतलासी**

- ❖ महिलाको शरिरमा तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा लिनु पर्नेछ।

**रगत, वीर्य इत्यादि जाँच गर्ने**

- ❖ कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परेमा महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउनु पर्छ।

**बयान गराउँदा**

- ❖ जबरजस्ती करणीसँग सम्बन्धित कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित महिलाको बयान गराउँदा महिला प्रहरी कर्मचारीबाट गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ।

**विशेष प्रकृतिका मुद्दाको काम कारवाहीमा गोपनियता कायम गर्नुपर्ने:**

- ❖ मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्ने बेच्ने, हाडनाता करणी एवम् महिला विरुद्धको हिंसालगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरु,
- ❖ बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरु, एच. आई. भी. /एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरुसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरु।
- ❖ बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्नु उचित नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ।
- ❖ बन्द इजलासमा मुद्दाको कारवाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन्।
- ❖ बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपी वादी, प्रतिवादी र पीडित बाहेक अरुलाई दिन हुँदैन।
- ❖ बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार छाप्नु हुँदैन। तर अदालतले अनुमति दिएमा पीडितको परिचय नखुल्ने गरी समाचार छाप्न सकिनेछ।

# महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (महिला महासन्धी)महिलाको मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तराष्ट्रिय दस्तावेज हो । लैङ्गिक असमानताको कारणले महिला मात्र नभई परिवार, समाज अनि सम्पूर्ण राष्ट्रलाई नै असर परिरहेको छ । महिला समानताको विषय केवल महिलाको मात्र नभएर समग्र राष्ट्रको सरोकारको विषय हो । लैङ्गिक भेदभावका कारण महिलाहरु पुरुषको तुलनामा पछि परेका हुनाले महिलालाई पुरुष सरह समान रुपमा मानव अधिकारको उपभोग गर्ने स्थितिमा राख्नका लागि पनि विशेष अधिकारहरु प्रदान गरिनु पर्दछ । यसर्थ महिलालाई लक्षित गरी प्रदान गरिएका अधिकारहरु नै महिला अधिकार हुन् । महिला समानता र बिकास सम्बन्धी सबै पक्षहरु समेटी संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको यस महासन्धीमा महिलाको मानव अधिकारलाई वैधानिक मान्यता दिएको एक महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो, जसलाई महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धी भनिन्छ ।

२. **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धीका बिशिष्ट अधिकारहरू:**

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको धारा ६ देखि १६ सम्म महिलाका अधिकारहरुको बारेमा निम्न अनुसार उल्लेख गरिएको छ :–

क) **बेचबिखन तथा यौन शोषण विरूद्धको अधिकार** महासन्धीको धारा ६ ले

- महिलाको किनबेच विरुद्धको अधिकार
- वेश्यावृतिका लागि गरिने महिला यौन शोषण विरुद्धको अधिकार
- यस्तो शोषणको नियन्त्रणको लागि कानून निर्माण गर्नु राज्यको दायित्व हो ।

ख) **राजनैतिक तथा सार्वजनिक जीवनमा सहभागीताको अधिकार** महासन्धीको धारा ७ ले महिलाहरुलाई पुरुष सरह राजनैतिक वा सार्वजनिक भेलाहरुमा सहभागी हुने समान अधिकार प्रदान गरेको छ जुन निम्न अनुसार छन्:

- निर्वाचनमा मतदान गर्न पाउने समान अधिकार,
- निर्वाचनको लागि उम्मेदवार हुन पाउने अधिकार,
- नीति निर्माण तथा कार्यान्वयनमा संलग्न हुन पाउने अधिकार,
- सार्वजनिक पद धारण तथा सरकारी तहका कृयाकलाप सम्पादन गर्ने अधिकार,
- सार्वजनिक तथा राजनैतिक जीवनसंग सम्बन्धित गैरसरकारी संस्था तथा संगठनहरुमा सरिक हुन पाउने अधिकार

ग) **अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार** महासन्धीको धारा ८ ले

- महिलालाई पुरुष सरह अन्तर्राष्ट्रिय सभा, सम्मेलन वा संगठनमा भाग लिन पाउने समान अधिकार
- अन्तर्राष्ट्रिय सभा, सम्मेलनहरुमा प्रतिनिधित्व गर्न पाउने समान अधिकार

**घ) राष्ट्रियता सम्बन्धी अधिकार** महासन्धीको धारा ९ ले महिलालाई पुरुष सरह राष्ट्रियता (नागरिकता) सम्बन्धी निम्न समान अधिकारहरु प्रदान गरेको छ :

- महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न वा धारण गर्न पाउने,
- पतिको राष्ट्रियता जे जस्तो भए तापनि पत्नीले आफ्नो इच्छा अनुसारको राष्ट्रियता धारण गर्न पाउने,
- विदेशीसंग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता त्याग गरेको अवस्थामा पनि पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने,
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुष सरह महिलालाई समान अधिकार प्रदान गर्ने ।

**ङ) शिक्षा सम्बन्धी अधिकार** महासन्धीको धारा १० ले

- महिलालाई पुरुष सरह सबै प्रकारको शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न पाउनका लागि समान अधिकार,
- छात्रवृत्ति सम्बन्धमा समान अधिकार,
- खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अधिकार,
- परिवार नियोजन सम्बन्धी सूचना तथा जानकारी पाउने अधिकार ।

**च) रोजगारी सम्बन्धी अधिकार** महासन्धीको धारा ११ ले महिलालाई पुरुष सरह रोजगारीका सम्वन्धमा निम्न समान अधिकार प्रदान गरेको छ :

- रोजगारीका लागि समान अवसर उपभोग गर्न पाउने,
- स्वतन्त्र रुपमा रोजगारी चयन गर्न पाउने,
- समान सेवा, शर्त र सुविधा उपभोग गर्न पाउने,
- समान मूल्यको कामको लागि समान पारिश्रमिक पाउने
- पुरा तलव गर्भवती भएको आधारमा महिलालाले पदच्युस्त हुनु नपर्ने,
- बाल स्याहार सुविधा प्रणालीको उपभोग गर्न पाउने,
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने,

**छ) स्वास्थ्य सेवा सम्बन्धी अधिकार** महासन्धीको धारा १२ ले महिलालाई निम्नानुसार स्वास्थ्य सम्बन्धी अधिकार प्रदान गरेको छ :

- गर्भवती समय, प्रसुती समय र प्रसुती पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरु प्राप्त गर्न पाउने अधिकार,
- गर्भवतीको समय र स्तनपानको समयमा पर्याप्त पोषणयुक्त खाना प्राप्त गर्न पाउने अधिकार,
- परिवार नियोजन लगायत स्वास्थ्य, स्याहार, सेवा विना कुनै भेदभाव प्राप्त गर्ने अधिकार

**ज) आर्थिक तथा पारिवारिक लाभको अधिकार** महासन्धीको धारा १३ ले महिलालाई पुरुष सरह आर्थिक तथा पारिवारिक लाभको निम्न समान अधिकारहरु प्रदान गरेको छ :

- समान पारिवारिक लाभ उपभोग गर्न पाउने,

- बैंकबाट कर्जा लिन, धितो बन्धकमा राख्न वा अन्य प्रकारको ऋण सेवा प्राप्त गर्न पाउने,
- खेलकुद, मनोरन्जन तथा सांस्कृतिक जीवनका सवै पक्षहरुमा सहभागी हुन पाउने,

**झ) ग्रामीण महिलालाई विकासमा समान सहभागी हुने अधिकार** १४ ले ग्रामीण महिलालाई पुरुष सरह निम्न समान अधिकारहरु प्रदान गरेको छ :

- विकास योजनाको विस्तृतिकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने,
- परिवार नियोजनको सूचना, सल्लाह र सेवा लगायत पर्याप्त स्वास्थ सुविधा पाउने,
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,
- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने,
- स्वरोजगारीका लागि स्वाबलम्बन समूहहरु तथा सहकारी संस्थाहरु गठन गर्न पाउने,
- आवास, सरसफाई, विद्युत, यातायात, खानेपानी, तथा संचार सम्बन्धी व्यवस्थाहरु उपभोग गर्न पाउने,

**ञ) महिलालाई कानूनी समानताको अधिकार** - महासन्धीको धारा १५ ले

- महिलालाई कानूनको दृष्टिमा पुरुष सरहको समानताको अधिकार,
- करार सम्पन्न तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार,
- अदालत तथा न्यायधिकरणसमक्ष हुने कार्यविधिमा समान व्यवहारको अधिकार,
- घुमफिर गर्ने तथा वासस्थान छान्न पाउने स्वतन्त्रतासम्बन्धी समान अधिकार ।

**ट) विवाह तथा परिवारिक सम्बन्धको अधिकार** :-

महासन्धीको धारा १६ले महिलालाई पुरुष सरह विवाह तथा परिवारिक जीवन सम्बन्धी निम्न समान अधिकार प्रदान गरेको छ :

- स्वतन्त्रतापूर्वक जीवनसाथी छान्न पाउने,
- समान रुपमा विवाह गर्न पाउने,
- स्वतन्त्रतापूर्वक सम्बन्ध बिच्छेद गर्न पाउने
- प्रजनन् सम्बन्धी जिम्मेवारीपूर्ण निर्णय लिन पाउने,
- सन्तानको संरक्षकत्व गर्न पाउने,
- कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्ति चयन गर्न पाउने,
- सम्पत्ति उपभोग तथा बेचबिखन गर्न पति-पत्नी दुबैलाई समान अधिकार प्रदान गरेको छ । माथिका अधिकारहरु समान र स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउनको लागि राज्यले आवश्यक व्यवस्था गर्नुपर्ने दायित्व महासन्धीका पक्ष राज्यहरुलाई तोकेको छ ।

## ३. राज्यको दायित्वको सिद्धान्त

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको अनुमोदन पश्चात् राज्य पक्षले "महिला विरुद्धको भेदभाव निर्मूलन सम्बन्धी घोषणापत्रमा उल्लेखित सिद्धान्तहरुको कार्यान्वयन गर्न तत्पर तथा त्यसको प्रयोजनको लागि सबै प्रकारको सबै भेदभावलाई निर्मूल गर्न आवश्यक पर्ने उपायहरु अपनाउन दृढ संकल्प गर्दै, निम्नलिखित कुराहरु गर्न मञ्जुर गर्दछन्" भनि उल्लेख गरिएको छ । जो यस प्रकार छन् :

क) महिला र पुरुष बीचको समानताको सिद्धान्त आफ्नो संविधानमा व्यवस्था नभएको भए व्यवस्था गरी उक्त व्यवस्थालाई कानून वा अन्य माध्यमबाट व्यवहारिक रुपमा साकार पार्ने ।

ख) महिला विरुद्धको सबै किसिमको भेदभाव अन्त्य गर्न विभिन्न उपायको साथै आवश्यक भए दण्ड सजायको समेत व्यवस्था गर्ने ।

ग) समान अधिकारको प्रचलनको लागि विभिन्न अदालतहरु, सार्वजनिक निकायहरुद्वारा प्रभावकारी संरक्षण सुनिश्चित गर्ने ।

घ) महिला उपर भेदभाव हुने कुनै कार्य वा प्रचलनमा सरिक नभई अलग रहने एवं सार्वजनिक अधिकारी वा संस्थाहरुले यी दायित्व अनुसार काम गर्नेछन् भनी सुनिश्चित गर्ने ।

ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्यमबाट महिला उपर हुने भेदभावलाई निर्मूल गर्न सबै आवश्यक उपायहरु अपनाउने ।

च) महिला विरुद्ध भेदभाव गराउने प्रचलित कानूनहरु खारेज गर्ने वा संशोधन गर्नेतर्फ आवश्यक कदम चाल्ने ।

छ) महिला विरुद्ध भेदभाव हुने वा गराउने सबै राष्ट्रिय दण्ड व्यवस्था खारेज गर्ने ।

ज) महिला उपर भएका भेदभाव अन्त्य गर्ने योजना र नीति तय गर्ने ।

ञ) आवश्यक साधन स्रोतको व्यवस्था गर्ने : महिलाको लागि विशेष सहुलियत तथा आर्थिक छुटको व्यवस्था गर्ने,

ट) महिला अधिकारको लागि संस्थागत संरचनाको व्यवस्था गर्ने : महिला अधिकारको पूर्ण विकास र प्रवर्द्धन गर्न छुट्टै संरचना स्थापना गर्ने,

ठ) प्रचार-प्रसार र सचेतना गर्ने : महिला महासन्धी तथा यसले प्रदान गरेका अधिकारहरु सम्बन्धमा व्यापक जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु गर्ने,

**हिंसामा परेमा महिलाको लागि कानुनी सहायताका संयन्त्रहरू:**

१. नेपाल बार एशोसियशनको ७५ वटै जिल्लामा कानुनी साहयता समितिहरु छन्, जसले निःशुल्क कानुनी सहायता प्रदान गर्दछ।

२. कानुनी सहयोग तथा परामर्श केन्द्रले हिंसामा परेका महिलाहरुको लागि निःशुल्क कानुनी सहायता प्रदान गर्दै आइरहेको छ। यस संस्थाको झापा, धनुषा, काठमाण्डौ, कञ्चनपुर, सर्खेत, कास्की, बाँके, बर्दिया, पाँचथर, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, सुनसरी, कैलालीमा आफ्नो जिल्ला कार्यालयहरुद्वारा सेवा प्रदान गर्दै आइरहेको छ।

३. पारालिगल कमिटीले समुदायमा विवाद समाधानकालाई सहयोग पुऱ्याउँदछ।

४. महिला तथा बालबालिका कार्यालयबाट संचालित निगरानी समिति मार्फत पनि विवाद समाधानका लागि सहयोगी भूमिका निर्वाह गर्दै आएको छ।

# महिला अधिकारका लागि एकजुट होऔं ।




## महिला बिरुद्ध हुने हिंसामा संलग्न अपराधीलाई कडा सजाय दिलाऔं ।

# सन्दर्भ सामग्री

१) नेपालको अन्तरिम संविधान २०६३

२) मुलुकी (बाह्रौं संशोधन) ऐन, २०६४

३) मानव बेचबिखन तथा ओसार–पसार (नियन्त्रण) ऐन, २०६४

४) घरेलु हिसां (कसुर सजाय) ऐन, २०६६

५) सामाजिक व्यवहार सुधार ऐन, २०३३

६) सार्वजनिक अपराध तथा सजाय ऐन, २०२७

७) महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, १९७९